# सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको सञ्चालक समितिको मिति २०७८ साल फाल्गुण १३ गते शुक्रबार बसेको ६६औं बैठकको निर्णयानुसार कम्पनीको चौथो वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुंदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समयः**

मितिः २०७८/१२/११ (तद्नुसार २६/०३/२०२२), शुक्रबार

स्थानः अलोफ्ट काठमाण्डु ठमेल, छांयादेवी कम्प्लेक्स, ठमेल, काठमाण्डौ।

समयः दिउंसो ३:०० बजे।

**छलफलका विषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१. अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको आर्थिक वर्ष २०७६/०७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७६/०७७ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब, इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरण छलफल गरी पारित गर्ने बारे।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे।

४. सञ्चालक समितिको बैठक भत्ता तथा सुविधा बारे।

५. सर्वसाधारण शेयर सार्वजनिक निष्कासन गर्ने बारे।

**(ख) विशेष प्रस्तावः**

१. कम्पनीको नियमावलीको नियम २७, २९ र ३१ मा आवश्यक संशोधन गर्ने र सो संशोधनमा नियमनकारी निकायबाट कुनै सुझाव वा निर्देशन भएमा सो लाई समावेश गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी दिने बारे।

२. कम्पनीले आर्थिक वर्ष २०७६/०७७ मा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत कोरोना भाइरस (कोभिड १९) को रोकथाम तथा प्रभावितहरुको उपचारका लागि नेपाल सरकारबाट स्थापित Corona Relief and Prevention Fund मा कम्पनीका तर्फबाट गरिएको योग्दान/आर्थिक सहायता वापतको रकम ७,५०,०००/- (अक्षेरुपी सात लाख पचास हजार मात्र) कम्पनी ऐन २०६३ को दफा १०५ (१) (ग) बमोजिम अनुमोदन गर्ने बारे।

**(ग) विविध।**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**साधारण सभा सम्बन्धी जानकारी**

१. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र लिई आउनुहुन अनुरोध गरिन्छ।

२. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सो सम्बन्धी निवेदन सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०७७ साल चैत्र ९ गते बुधबार दिउंसो ३:०० बजे भित्र यस कम्पनीको प्रधान कार्यालय टेकु, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ।

३. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नुभएका शेयरधनी आफैं सभामा उपस्थित भएमा त्यस्तो प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द हुनेछ।

४. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा मैले यस अघि दिएको सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर गरी यो प्रतिनिधि (प्रोक्सी) पत्रलाई मान्यता दिइयोस् भनी छुट्टै पत्र समेत लेखी पठाइएमा अरु सबै प्रतिनिधि (प्रोक्सी) पत्र बदर भई सोही पत्रसाथ आएको प्रतिनिधि (प्रोक्सी) पत्र मात्र मान्य हुनेछ। तर यसो नगरी एक शेयरधनीले एक भन्दा बढी प्रोक्सी नियुक्त गरी त्यस्ता प्रतिनिधि (प्रोक्सी) पत्र समयमै यस कम्पनीमा दर्ता हुन आएता पनि सबैभन्दा पहिला प्राप्त भएको प्रतिनिधि पत्रलाई मान्य गरी अन्य प्रतिनिधि पत्र बदर गरिनेछ।

५. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट यस कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ।

६. संयुक्त रुपमा रहेको शेयरधनीको हकमा शेयरधनीको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले अथवा सर्वसम्मतिबाट प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको एकजना व्यक्तिले मात्र सभामा भाग लिन पाइनेछ।

७. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्बन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयबारे २०७८ साल चैत्र ०४ गते शुक्रबार सम्म कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षज्यूलाई लिखित जानकारी दिनुपर्नेछ। त्यस्तो विषय सञ्चालक समितिको अध्यक्षज्यूलाई उचित लागेमा मात्र छलफलको लागि समावेश गरिनेछ।

८. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सभाका सभापति आफैंले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट उत्तर दिइनेछ।

९. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। हाजिरी पुस्तिका दिनको २:३० बजे देखि खुला रहनेछ।

१०. वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाइट www.citizenlifenepal.com मा उपलब्ध हुने व्यहोरा जानकारी गराइन्छ।

११. लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन लगायतका कागजातहरु कम्पनीको रजिस्टर्ड कार्यालय, टेकु, काठमाण्डौमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपि माग गरेमा प्रतिलिपि दिने व्यवस्था मिलाइएको छ।

१२. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ।

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

**सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
अम्बे कम्प्लेक्स, टेकु, काठमाडौं। फोनः ०१-५३१६०००
Email: info@citizenlifenepal.com | URL: www.citizenlifenepal.com